# वैदेशिक सहायताको स्रोत फुकुवा सम्बन्धी कार्यविधि, २०८२

अर्थ मन्त्रालयबाट स्वीकृत मिति
२०८२/०६/२०

**प्रस्तावना:** वैदेशिक श्रोत समावेश भएको बजेट निकासा/फुकुवा प्रक्रियालाई सरल,सहज एवं एकरुपता कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ६५ को उपदफा(२)ले दिएको अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "वैदेशिक सहायताको स्रोत फुकुवा सम्बन्धी कार्यविधि,२०८२" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनको लागि:

(क) "आयोजना" भन्नाले निश्चित उद्देश्य प्राप्तिको लागि वैंदेशिक सहायताबाट सञ्चालन हुने निश्चित अवधिको आयोजना सम्झनुपर्छ र सो शब्दले कार्यक्रम समेतलाई जनाउँछ।

(ख) "कार्यालय" भन्नाले महालेखा नियन्त्रक कार्यालयलाई सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले अर्थ मन्त्रालयलाई सम्झनु पर्दछ।

(घ) "लेखा उत्तरदायी अधिकृत" भन्नाले सम्वन्धित मन्त्रालयको सचिवलाई सम्झनु पर्दछ।

(ङ) "वैदेशिक" सहायता भन्नाले नगद अनुदान/ऋण तथा सोधभर्ना हुने अनुदान/ऋण सम्झनु पर्दछ।

(च) "त्रैमासिक" भन्नाले श्रावण महिनादेखि गणना हुने ३/३ महिनाको अवधिलाई सम्झनु पर्दछ।

परिच्छेद-२

## नगद अनुदान वा नगद ऋण तर्फको फुकुवा प्रकृया

३. **नगद अनुदान वा नगद ऋण तर्फको फुकुवा प्रकृया:** (१) वैदेशिक नगद अनुदान वा ऋण स्रोतको बजेट फुकुवाका लागि सम्बन्धित आयोजनाबाट आफ्नो नाममा रहेको मौज्दात रकमको विवरण सहित कार्यालयमा अनुरोध गर्नु पर्नेछ।

(२) वैदेशिक स्रोत अन्तर्गत नगद अनुदान वा ऋण समावेश भएका कार्यक्रमको प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिक अवधिको लागि विनियोजित बजेट भुक्तानी/निकासा गर्न कार्यालयको फुकुवा आदेश आवश्यक पर्नेछ।

(३) कार्यालयको सम्बन्धित बैंक खातामा रकम जम्मा भएपछि मात्र नगद ऋण तथा नगद अनुदान स्रोतको बजेट फुकुवा हुनेछ।

(४) सम्बन्धित आयोजना/कार्यक्रमको नाममा कार्यालयको खातामा रकम मौज्दात रहेको अवस्थामा उक्त रकमले खामेसम्म यस्तो स्रोतको बजेट फुकुवा गरिनेछ।

(५) पहिलो र दोस्रो त्रैमासिक अवधिको विनियोजनको हकमा अर्थ मन्त्रालयको पत्रको आधारमा फूकुवा हुनेछ।

परिच्छेद-३

## <u>शोधभर्ना हुने अनुदान वा ऋण तर्फको फुकुवा प्रक्रिया</u>

४. **<u>आयोजना लेखा मोडुल (Project Account Module)मा प्रविष्टिः</u>** (१) वैदेशिक सहायताबाट संचालन भएका आयोजनाको स्रोत फुकुवाका लागि सम्बन्धित आयोजना समन्वय एकाई वा सम्बन्धित मन्त्रालय वा विभागबाट **Project Account Module** प्रणालीमा कार्यालयगत, बजेट उपशिर्षक नंम्बर. अनुसार दातृनिकाय तथा श्रोतको विवरण प्रविष्टि गरी फुकुवाको लागि पठाउनु गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रणालीमा प्रविष्टि भएपछि कार्यालयले सोही प्रणालीबाट फुकुवा गर्नेछ।

तर **Project Account Module** प्रणालीमा फुकुवा नभएसम्म कुनैपनि त्रैमासिक अवधिको वैदेशिक सहायता समावेश भएका आयोजनाको स्रोत फुकुवा हुनेछैन।

(३) उपदफा(२) अनुसार भएको स्रोत फुकुवालाई Computerized Government Accounting System (CGAS) तथा Treasury Single Account (TSA) संग समेत आवद्ध गरिएकोले सोहि प्रणालीमा सम्बन्धित बजेट शिर्षक र दातृनिकायगत रुपमा स्रोत फुकुवा रहे नरहेको एकिन जानकारी हुनेछ ।

५. **<u>प्रथम र दोस्रो त्रैमासिक फुकुवा प्रक्रियाः</u>** (१) वैदेशिक स्रोत अन्तर्गत शोधभर्ना हुने अनुदान वा ऋण समावेश भएका कार्यक्रमको प्रथम र दोश्रो त्रैमासिक अवधिको लागि विनियोजित बजेट भुक्तानी/निकासा गर्न कार्यालयको फुकुवा आदेश आवश्यक पर्नेछैन।

तर सोको लागि चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिसम्म अनुदान वा ऋण सम्झौताको अवधि बाँकी रहेको हुनु पर्ने र दफा ४ वमोजिम प्रणालीमा प्रविष्ट भएको हुनुपर्नेछ।

(२) नयाँ आयोजनाको सम्बन्धमा आयोजना सञ्चालनको लागि नेपाल सरकार र विकास साझेदार बीच अनुदान वा ऋण सम्झौतामा हस्ताक्षर भई त्यस्तो सम्झौता प्रभावकारी भई सकेको हुनु पर्नेछ ।

तर पूर्व प्रभावी वित्तीय सम्झौता (**Retroactive Financing**) को हकमा मन्त्रालयको सहमति आवश्यक पर्नेछ।

६. **<u>तेस्रो र चौथो त्रैमासिक फुकुवा प्रक्रिया:</u>** (१) तेस्रो त्रैमासिक फुकुवाको लागि गत आर्थिक वर्षको शोधभर्ना हुन बाँकी रकम र चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिसम्म शोधभर्ना हुने अनुदान वा ऋणबाट भएको खर्चसमेतको रकम शोधभर्ना प्राप्त भैसकेको हुनु पर्नेछ।

(२) चौथो त्रैमासिक फुकुवाको लागि उपदफा (१) वमोजिमको रकम र चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिसम्म भएको खर्च रकमसमेतको शोधभर्ना प्राप्त भैसकेको हुनु पर्नेछ।

(३) आयोजनाले दातृनिकाय समक्ष शोधभर्ना माग गरिसकेको तर प्रक्रियागत कारणले खर्च रकम शोधभर्ना हुन नसकेको अवस्थामा शोधभर्ना माग गरेको प्रमाण र चालु त्रैमासिक अवधि भित्र दातृनिकायबाट शोधभर्ना प्राप्त गरी सक्ने आयोजना प्रमुखबाट गरिएको प्रतिवद्धता पत्र समेत संलग्न गर्नु पर्नेछ।

(४) आयोजनाबाट त्रैमासिक स्रोत फुकुवाको लागि कार्यालयमा अनुरोध गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची-३ र अनुसूची-९ तथा यसै कार्यविधको अनुसूची - १ र २ को विवरण समेत संलग्न हुनुपर्नेछ।

(५) वैदेशिक स्रोत फुकुवाका लागि कार्यालयमा अनुरोध गर्दा सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट निर्णय समेत भएको हुनु पर्नेछ।

(६) तेस्रो त्रैमासिक फुकुवाको लागि गत आर्थिक वर्षको आयोजनाको वित्तीय विवरण (लेखापरीक्षण नभएको) प्रमाणित भएको हुनुपर्नेछ।

(७) चौथो त्रैमासिक फुकुवाको लागि गत आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण कार्यालयबाट सिफारिस भईसकेको हुनु पर्नेछ ।

तर विकास साझेदारसँग भएको सहायता सम्झौतामा लेखापरीक्षण भएको वित्तीय विवरण पेश गर्ने समयावधीको विषयमा अन्य व्यवस्था भएको अवस्थामा सोही अनुसार हुनेछ।

(८) तेस्रो त्रैमासिक अवधिको वैदेशिक स्रोत रकमको स्रोत फूकुवा माग गर्दा अघिल्लो आर्थिक वर्षभित्र सबै माध्यम (नगद, शोधभर्ना, सोझै भुक्तानी र वस्तुगत सहायता)बाट प्राप्त विवरण समावेश गर्नुपर्ने छ।

७. **<u>नतिजा सूचक (Disbursement Linked Indicator-DLI) को आधारमा शोधभर्ना:</u>** नतिजा सूचकको आधारमा शोधभर्ना प्राप्त गर्ने आयोजनाको हकमा दफा ६ बमोजिम शोधभर्ना प्राप्त हुन नसकेमा त्यस्ता आयोजनाको DLI सूचकहरुको विवरण सहितको कार्ययोजना, सम्झौता अनुसारको रकम शोधभर्ना प्राप्त गर्न आयोजनाले हालसम्म गरेको प्रयास र हालसम्म शोधभर्ना प्राप्त गरेको रकमको विवरण तथा सम्झौता अनुसार शोधभर्ना प्राप्त गर्ने सम्बन्धमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट गरिएको प्रतिवद्धताको आधारमा कार्यालयले स्रोत फुकुवा गर्न सक्नेछ।

८. **<u>कार्यालयको खातामा रकम स्थानान्तरण गर्ने:</u>** (१) Sector-wide Approach (**SWAP)** तथा (Disbursement Linked Indicator **(DLI)** मा आधारित वैदेशिक सहायता परिचालन नीति बमोजिम आयोजनाको शोधभर्ना

प्राप्त रकम र बजेटरी सहायताको रुपमा प्राप्त हुने रकम **Designated Account** मा जम्मा गरी खर्चको आधारमा त्रैमासिक रुपमा कार्यालयको नाममा रहेको शोधभर्ना अनुदान वा ऋण खातामा स्थानान्तरण गर्नु पर्नेछ।

(२) वैदेशिक अनुदान वा ऋण सम्झौता प्रभावकारी नभएसम्म उक्त आयोजनाको लागि विनियोजित वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपुरक कोष (**Matching Fund**) समेत खर्च शीर्षकगत आधारमा रोक्का रहनेछ।

(३) स्रोत फुकुवाका लागि अनुरोध गर्दा सम्झौताको शर्त अनुसार तत्काल शोधभर्ना प्राप्त हुन नसक्ने धरौटी, प्रतित–पत्र, पेश्की आदिको रकम यकीन गरी सोको Integreted Public Financial Management Services (**IPFMS)** बाट प्राप्त हुने प्रमाणित प्रतिवेदन समेत संलग्न गर्नु पर्नेछ।

(४) शोधभर्ना प्राप्त हुनुपर्ने रकम बक्यौता रहेको र दातृ निकायबाट सम्झौताका प्रावधान अनुसार निर्धारित अवधि भित्र शोधभर्ना प्राप्त हुन नसकेमा मन्त्रालयको स्रोत फुकुवा गरिदिने व्यहोरा खुलेको पत्र र शोधभर्ना हुन नसक्नुको कारण उल्लेख गरी सम्बन्धित आयोजना वा निकायबाट यथाशीघ्र शोधभर्ना बाँकी रकम प्राप्त गर्ने लिखित प्रतिबद्धता पेश गर्नु पर्नेछ।

(५) दातृ निकायबाट सम्झौता अनुसारको सबै शोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिएको कारण कार्यालयको केन्द्रीय खातामा कमिशन बराबरको रकम घटी हुन गएमा बैंकले कमिशन लिएको पुष्ट्याईं हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भई आउनु पर्नेछ।

तर आयोजनाको समाप्ति हुने आर्थिक वर्षको हकमा उक्त रकम स्रोतान्तरको लागि मन्त्रालयमा पेश गरेको हुनु पर्नेछ ।

(६) बजेट व्यवस्था गर्दा सहायता सम्झौता बमोजिम स्रोतगत अनुपात नमिलेको वा नेपाल सरकार स्रोततर्फ न्यून बजेट विनियोजन भएको कारण वैदेशिक स्रोततर्फ अनुपातभन्दा बढी खर्च भएको रकम शोधभर्ना प्राप्त हुन नसकेमा मन्त्रालयमा स्रोतान्तर वा खर्च समर्थनको लागि अनुरोध गरेको पत्रको बोधार्थ वा प्रतिलिपि पेश गर्नु पर्नेछ।

तर गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षसम्मको शोधभर्ना प्राप्त हुन बाँकी भएका आयोजनाको हकमा मन्त्रालयबाट स्रोतान्तर वा खर्च समर्थन भएको प्रमाण पेश गर्नु पर्नेछ।

परिच्छेद-४

## विविध

९. **स्रोत फुकुवा नहुने:** कुनै आयोजनामा अनुदान र ऋण दुबै स्रोत कायम भई दातृ निकायको शोधभर्ना लिन बाँकी मध्ये ऋण तर्फ बढी प्राप्त भएको तर अनुदान तर्फ घटी प्राप्त भएको अवस्थमा उक्त दातृ निकायको ऋणतर्फको स्रोत फुकुवा गरिनेछ भने अनुदान तर्फको स्रोत फुकुवा हुने छैन।

१०. **<u>थप विवरण पेश गर्नु पर्ने</u>:** (१) दातृ निकायले तोके बमोजिमको न्युनतम माग सीमाङ्कन (Threshold) पुरा भएको शोधभर्ना लिन बाँकी रकमको यथाशिघ्र दातृ निकायमा माग पत्र (Withdrawal Application) पठाई शोधभर्ना माग गर्नुपर्ने र सो को जानकारी अनिवार्य रुपमा कार्यालयमा पठाउनु पर्नेछ।

(२) ऋणतर्फको शोधभर्ना माग गरेको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत पठाउनु पर्नेछ।

(३) वित्तीय हस्तान्तरण भएको सशर्त अनुदानको रकम खर्च नभै संचित कोष खाता (विविध प्राप्ति शीर्षक) मा फिर्ता भएमा त्यस्तो रकमको बैंक भौचर समावेश गरेको हुनु पर्नेछ।

(४) वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहबाट सञ्चालित आयोजना/कार्यक्रमको त्रैमासिक प्रतिवेदन (विनियोजित बजेट, निकासा तथा खर्चको स्रोतगत विवरण) सम्बन्धित आयोजना सञ्चालन गर्ने निकायले प्रमाणित गरी कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) नयाँ सम्झौता भएका आयोजनाको हकमा दातृपक्षसँग भएको सम्झौता र सम्झौतासँग सम्वन्धित अन्य कागजातहरु **(Project/Financing Agreement, Project Administration Manual, Reimbursement /Disbursement Letter / Plan, Project Appraisal Document, Loan/Grant Effectiveness)** कागजातका अतिरिक्त सहायक ऋण सम्झौताको विवरण समेत एक एक प्रति कार्यालयमा पेश गर्नु पर्नेछ।

(६) निकासा फुकुवा माग गर्दा पत्र साथ आयोजनाको नाममा वैदेशिक मुद्रामा खोलिएको विशेष खाताको बैंक मौज्दात विवरणको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

११. **<u>स्वायत्त निकाय / वोर्ड/ समितिहरुको स्रोत फुकुवा</u>** : (१) नेपाल सरकारसँग सहायक ऋण वा अनुदान सम्झौता भै नेपाल सरकारको वित्तीय लगानी स्वरुप स्वायत्त संस्थाहरुले प्राप्त गर्ने रकमको निकासा फुकुवा माग गर्दा विगतमा प्राप्त गरेको रकमको लगानी वा उपयोग सम्बन्धी विवरण तथा बैंक मौज्दात प्रमाणित गरी कार्यालयमा पेश गर्नु पर्नेछ। कार्यालयबाट बैंकमा मौज्दात रहेको रकमको हिसाब समायोजन गरी निकासा फुकुवा गरिनेछ। स्वायत्त निकायहरुले निकासा लिएको शोधभर्ना हुने खर्चको शोधभर्ना लिने र हिसाव फरफारख गर्ने जिम्मेवारी सम्वन्धित निकायकै हुनेछ।

(२) वैदेशिक सहायता सम्झौता अनुसार आयोजनाले सार्वजनिक संस्थान तथा बोर्डलाई वैदेशिक स्रोतमा निकासा उपलब्ध गराएको शोधभर्ना हुने अनुदान वा ऋणको रकम समयमै शोधभर्ना प्राप्त गरि सक्नु पर्नेछ। संस्थान वा बोर्डलाई निकासा दिएको शोधभर्ना हुने रकमको शोधभर्ना लिने र हिसाव फरफारख गर्ने जिम्मेवारी सम्वन्धित आयोजनाकै हुनेछ।

१२. **<u>अनुसूचीमा हेरफेर:</u>** कार्यालयले आवश्यकता अनुसार मन्त्रालयको स्वीकृत लिइ अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१३. **<u>बाधा अड्काउ फुकाउ</u>**ः यो कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा मन्त्रालयको निर्णयानुसार बाधा अडकाउ फुकाउन सक्नेछ।

**अनुसूची १**

(कार्यविधिको दफा ६ को उपदफा (४) संग सम्बन्धित)

**<u>शोधभर्नाको विवरण</u>**

आर्थिक वर्ष :

आयोजनाको नाम :

दातृ निकाय/पक्ष :

बजेट उपशिर्षक : प्रदेश तर्फको बजेट उपशिर्षक-

ऋण/अनुदान नं. : स्थानीय तह तर्फको बजेट उपशिर्षक-

| **क.सं.** | **विवरण** | **अनुदान** | **ऋण** | **जम्मा** |
|---|---|---|---|---|
| १ | आ.व. गत आर्थिक वर्षसम्मको शोधभर्ना लिन बाँकी रकम (अ.ल्या.) | | | |
| २ | आ.व. चालु आर्थिक वर्षको प्रथम त्रैमासिकको शोधभर्ना हुने खर्च | | | |
| ३ | आ.व. चालु आर्थिक वर्षको दोस्रो त्रैमासिकको शोधभर्ना हुने खर्च | | | |
| ४ | **प्रथम /दोस्रो त्रैमासिक अवधिसम्मको कुल खर्च ( २+३ )** | | | |
| ५ | आ.व. चालु आर्थिक वर्षमा शोधभर्ना प्राप्त रकम | | | |
| ६ | स्रोतान्तर/हिसाब समायोजन भएको रकम घटाउने/जोड्ने (-/+) | | | |
| **खुद शोधभर्ना बाँकी तेस्रो / चौथो त्रैमासिक फुकवाको लागि (१+४-५-/+६)** | | | | |

**<u>आर्थिक प्रशासन शाखा प्रमुखको</u>**

नामः

दस्तखतः

**<u>आयोजना प्रमुखको</u>**

नामः

दस्तखतः

## अनुसूची २

(कार्यविधिको दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

**परीक्षण सूची (Checklist)**

आर्थिक वर्ष : आयोजनाको नाम :

दातृनिकाय/पक्ष :

बजेट उपशिर्षक : प्रदेश तर्फको बजेट उपशिर्षक-

ऋण/अनुदान नं. : स्थानीय तह तर्फको बजेट उपशिर्षक-

| कार्यविधि को दफा नं. | विवरण | छ | छैन | आवश्यक नहुने |
|---|---|---|---|---|
| ४(१) | स्रोतको फुकुवाका लागि **Project Account Module (System)** मा कार्यालयगत, ब.उ.शि.न. बमोजिम, श्रोतगत ,भुक्तानी विधि लगायतका विवरण प्रविष्टि गरेको | | | |
| ५(२) | Retroactive Financing को फुकुवा भए अर्थ मन्त्रालयको सहमतिपत्र संलग्न गरेको | | | |
| ६(१र२) | आ.व. ....................................... सम्मको शोधभर्ना लिन बाँकी रकम शोधभर्ना प्राप्त भैसकेको | | | |
| ६(४) | शोधभर्नाको विवरण (अनुसूची), परीक्षण सूची, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची ३ र ९ तथा कार्यविधिको अनुसूचि १ र २ संलग्न रहेको | | | |
| ६(६ र ७) | आयोजनाको वित्तीय विवरण (लेखापरीक्षण नभएको/भएको) पेश भएको | | | |
| ८(३) | दातृ निकायबाट तत्काल शोधभर्ना प्राप्त हुन नसक्ने धरौटी, प्रतित–पत्र, पेश्की आदिको IPFMS को प्राप्त हुने प्रमाणित विवरण संलग्न रहेको | | | |
| ८(४) | शोधभर्ना प्राप्त हुन बाँकी भए अर्थ मन्त्रालयबाट स्रोत फुकुवा दिन सिफारिस भै आएको पत्र तथा आयोजनाको लिखित प्रतिवद्दताको पत्र | | | |
| ८(५) | बैंकले कमिशन लिएको भए पुष्ट्याईं हुने विवरण कागजात संलग्न रहेको | | | |
| ८(६) | गत आर्थिक वर्ष भन्दा अघिल्लो वर्षसम्मको शोधभर्ना हुन बाँकी रकम स्रोतान्तर भैसकेको | | | |
| १०(३) | विविध प्राप्ति खातामा दाखिला भएको रकमको बैंक भौचर पेश भएको | | | |
| १०(५) | नयाँ सम्झौताको हकमा आयोजना सम्झौतासँग सम्वन्धित कागजात पेश भएको | | | |
| १०(६) | आयोजनाको नाममा बैदेशिक मुद्रामा खोलिएको खाताको विवरण (Bank Statement) को प्रमाणित प्रतिलिपि पेश भएको | | | |

**आर्थिक प्रशासन शाखा प्रमुखको** **आयोजना प्रमुखको**

नामः नामः

दस्तखतः दस्तखतः